तानसेन नगरपालिका

तानसेन, पाल्पा

५ नं. प्रदेश, नेपाल

✆ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति.....२०७७ जेठ १.....

हार्दिक अपिल

आदरणीय तानसेन नगरबासी,

कोरोना भाइरस (COVID-19) का कारण विश्वभर ठूलो जनधनको क्षती भएको कुरा हामी सबैलाई अवगत भएकै कुरा हो । नेपालमा पनि दिन प्रतिदिन कोरोना संक्रमितहरुको संख्या थपिदै गएकाले हामी सचेत र सतर्क हुन आवश्यक छ । कोरोना भाइरस संक्रमणका कारण हाम्रो जीवन निर्वाहको मुख्य आधार कृषि, पशुपालन, घरेलु उद्योग व्यवसाय, पर्यटन व्यवसाय लगायत नेपाली अर्थतन्त्रका आधारभूत अंगहरुमा प्रत्यक्ष असर परेको छ । शिक्षा, स्वास्थ्य क्षेत्रको व्यवस्थापन चूनौतिपूर्ण बन्न पुगेको छ । व्यापार, व्यवसाय समेत अवरुद्ध हुन पुगेको यस अवस्थामा हामी सबैको चिन्ता आगामी दिनमा कसरी कोरोना संक्रमणबाट बँचेर कोमामा पुगेको अर्थतन्त्रलाई सुचारु गराउने भन्नेमा केन्द्रित रहेको छ ।

सीमित साधन, स्रोतका वावजूद तानसेन नगरपालिकाले लकडाउनका अवधिमा विपन्न नगरवासीलाई निःशुल्क राहत, निम्न मध्यम वर्गलाई सहुलियतपूर्ण मूल्यमा खाद्यान्न, कृषकलाई बीउविजन वितरण, एसइइ र प्लस टु अध्ययनरत विद्यार्थीहरुका लागि परीक्षालक्षित दूरशिक्षा कार्यक्रम, विदेशबाट फर्किएकाहरुको संख्या अद्यावधिक तथा घरघरमै पुगेर स्वास्थ्य परीक्षण र क्वारेन्टाइनको व्यवस्था, किसानको तरकारी सुपथ मूल्यमा नगरबासीको घरमा उपलव्ध गराउने, नगरपालिकाका घनाबस्तीमा किटनाशक औषधि छर्ने लगायतका काम सम्पादन गरेको छ । नगरपालिकाले स्थापना गरेको राहतकोषमा प्रदेश, संघीय सरकार, तानसेनका मनकारी संघसंस्था र व्यक्तिहरु, जनप्रतिनिधि, कर्मचारी लगायतको योगदान रहेको छ । छाक रोकिने अवस्थामा पुगेका जोकोही मानवको सहायताका लागि तानसेनले हार्दिकतापूर्वक ढोका खुल्ला राखेको छ ।

संक्रमणको पछिल्लो अवस्था हेर्दा कमै जटिल परिस्थितीको सामना गर्नुपर्ने आशङ्का रहेको छ । यस परिवेशलाई मनन गर्दै प्रवासमा रहेका तानसेनवासीसँग छलफल गरी आगामी वर्षको योजनामा समेटनेगरी कृषि, पशुपालन र अन्य व्यवसायमा आधारित रोजगारीका अवसर सिर्जनाका लागि तानसेन नगरपालिकाले तयारी थालेको छ । नगरपालिकाको जमानीमा बैंकबाट सहुलियतपूर्ण कर्जा प्रवाहमा आधारित युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइने छ । कोरोना प्रभावित नगरवासीको राहतका लागि सक्दो पहल गरिने छ ।

कोरोना भाइरस संक्रमण रोकथामका लागि नेपाल सरकारले जारी गरेको लकडाउनको पालना गरौं । अत्यावश्यक कामका लागि परिवारको एक सदस्यमात्र घरबाहिर निस्कने गरौं । विनाकाम सडकमा निस्कने, भीडभाड गर्ने, सडकमा खेल्ने, पसल तथा स्वास्थ्यकेन्द्रमा भीडभाड गर्ने काम नगरौं । आवश्यक काम पर्दा वडा कार्यालयमा वा जनप्रतिनिधि, सुरक्षाकर्मीसँग सम्पर्क गरी सोधपूछ गरौं । सामान किन्दा होस वा कृषि तथा अन्य काम गर्दा निश्चित दूरी कायम गरौं । घरपरिवार र टोलमा बालबालिका, बृद्धबृद्धा, अपाङ्गता भएका र बिरामी वा अशक्त नागरिकको ख्याल राखौं । पाहुना जाने वा बोलाउने काम केही समयलाई बन्द गरौं । जीवन निर्वाह गर्न अप्ठरोमा परेका जोकोहीलाई मानवीय नाताले सहयोग गरौं । विषम परिस्थितिमा सबैले कोरोना संक्रमण रोकथाम तथा उपचार र सहयोगमा खटेका स्वाथ्स्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, जनप्रतिनिधिको मनोवल बढाऔं । साबुनपानीले पटकपटक हात धोऔं, कोरोना संक्रमणबाट बाचौं र बचाऔं । धन्यवाद ।

अशोककुमार शाही (नगरप्रमुख)

नगर प्रमुख

Scanned with CamScanner